केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/११/०७०/७१ मिति: २०७०/०७/२७

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

संवत् २०७० साल मंसीर ४ गते मंगलवारका दिन हुन गईरहेको संविधान सभा निर्वाचनलाई राष्ट्रिय पर्वको रुपमा मनाई सुसम्पन्न गर्न आगामी मंसीर ४ र ५ गते सार्वजनिक विदा दिने निर्णय नेपाल सरकारबाट भएको व्यहोरा सबैमा विदीतै छ । यसै गरी सो निर्वाचनमा आम जनसमुदायको प्रभावकारी सहभागिता सुनिश्चित गराउन आवश्यक सेवा संचालन ऐन, २०१४ को दफा २ को खण्ड (क) मा समावेश भएको बैंकिङ्ग सेवा लगायतको सेवा संचालन गर्ने कार्यालय बाहेकका अन्य कार्यालयलाई आगामी मंसीर २ र ३ गते पनि विदा दिने निर्णय नेपाल सरकारबाट भएको व्यहोरा समेत विदीतै छ । यस सन्दर्भमा उक्त मंसीर २ र ३ गते बैंकिङ्ग सेवा सुचारु राख्नु पर्ने हुँदा आ-आफ्नो संस्थाले उपलब्ध गराउने बैंकिङ्ग सेवा अन्तर्गत बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गर्ने तथा भुक्तानी दिने सेवालाई सुचारु राख्ने व्यवस्था मिलाई मंसीर २ र ३ गते पनि विदा दिने व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ बमोजिम यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।